# के मेरा पापहरू मेटिन सक्छन्?

भारतमा धेरै मानिसहरू कर्मको नियमअन्तर्गत बाँच्छन्। हरेक काम फर्केर तपाईकहाँ नै आउँछ। राम्रो गर्नुहोस्, राम्रो फर्किन्छ। नराम्रो गर्नुहोस्, नराम्रो फर्किन्छ। अनि यो हिसाब एक जन्मबाट अर्को जन्मसम्म सर्दै जान्छ।

यस जीवनको लागि यसमा केही सत्यता छ। निर्दयी मानिसले प्रायः आफूले भरेको कचौरा आफैँ पिउँछ। बाइबलले पनि यही भन्छ: “मानिसले जे छर्छ, त्यही कटनी गर्नेछ।” (गलाती ६:७)

तर कर्मले कहिल्यै क्षमाको कुरा गर्दैन। कर्मले हिसाब सधैँ खुला राख्छ। यसले पापलाई बुझाउन सक्छ। तर यसलाई धुन सक्दैन।

त्यसो भए, बाइबल के भन्छ? के मेरा पापहरू साँच्चै मेटिन सक्छन्?

पहिलो, बाइबलले हाम्रो बारेमा सत्य बताउँछ: हामी सबैले पाप गरेका छौँ, र परमेश्वरको महिमासम्म पुग्न चुकेका छौँ। (रोमी ३:२३)

दोस्रो, बाइबलले पापको मोल के हो भन्ने सत्य बताउँछ: पापले हाम्रो मृत्यु ल्याउँछ, अनन्त मृत्यु। (रोमी ६:२३)

परमेश्वरले पापलाई सानो कुरा भएको बहाना गर्नुहुन्न। परमेश्वरले दोषलाई केही नभएझैँ हेर्न सक्नुहुन्न (हबकूक १:१३)। तर परमेश्वरले तपाईलाई त्यो ऋण तपाईले सम्झन पनि नसक्ने हजारौँ जन्महरूमा तिर्न पनि छोड्नुहुन्न।

लुगामा लागेको दागको बारेमा सोच्नुहोस्। तपाई त्यसलाई धुनुहुन्छ, फेरि धुनुहुन्छ, फेरि धुनुहुन्छ। कुनै-कुनै दाग कहिल्यै जाँदैनन्। कर्म त्यस्तै धुलाइ हो। यसले कहिल्यै सफा गर्दैन, न त कहिल्यै सकिन्छ।

तर तपाईको धुलाइले गर्न नसक्ने काम परमेश्वरले गर्न सक्नुहुन्छ। उहाँले क्षमा गर्न सक्नुहुन्छ। सधैँको लागि क्षमा।

कसरी? पापलाई बेवास्ता गरेर होइन। आफ्ना पुत्रलाई पठाएर, ताकि उहाँले पापलाई बोकेर लैजानुभयोस्:

> “उहाँ आफैँले हाम्रा पापहरू आफ्नै शरीरमा बोकेर क्रूसमा चढ्नुभयो।” (१ पत्रुस २:२४)

यो कर्मले फर्काएको चोट होइन। यो चोटको सट्टामा दिइएको उपहार हो। अनि बाइबल भन्छ:

> “उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।” (१ यूहन्ना १:७)

# Can My Sins Be Removed?

Many people live under the idea of karma where every deed comes back to you. Do good, and good returns. Do evil, and evil returns. And sometimes these deeds carry over from death to the next life.

There is some truth in this for this life. A cruel man often drinks the cup he poured. The Bible says it too: "Whatsoever a man plants, that shall he also harvest." (Galatians 6:7)

But karma, counting my good versus my sin, never speaks of forgiveness. Karma keeps the account open forever. It can explain sin. It cannot wash it.

So, what does the Bible say? Can my sins really be removed?

First, the Bible tells us the truth about ourselves: all of us have sinned and failed to live up to the glory of God. (Romans 3:23)

Second, it tells the truth about what sin costs: it causes our death, eternal death. (Romans 6:23)

God does not pretend that sin is small. God cannot treat guilt as if it were nothing (Isaiah 59:1-2). But God also does not leave you to pay that debt across a thousand lives you cannot even remember.

Think of a stain in a garment. You wash it, and wash it, and wash it. Some stains never come out. Karma is that kind of washing. It never cleanses or finishes.

But God can do what your washing cannot do. He can forgive. Forgive forever.

How? Not by ignoring sin. By sending His Son to carry it away:

1 Peter 2:24 speaks of Jesus "who his own self carried our sins in his own body on the tree."

That is not karma balancing good and bad. This is a gift from God to forgive the sin. And the Bible says:

> "The blood of Jesus Christ his Son cleanses us from all sin." (1 John 1:7)

परमेश्वरले पापलाई असल भन्नुहुन्न। उहाँले पापलाई ठीक ठहराउनुहुन्न। उहाँले बताउनुभएको बाटोमा उहाँकहाँ आउने पापीलाई उहाँ क्षमा गर्नुहुन्छ।

उहाँले बताउनुभएको त्यो बाटो के हो? येशू! सुसमाचार पहिलो पटक प्रचार भएको दिन, मानिसहरूले हामीले के गर्नुपर्छ भनी सोधे। पत्रुसले तिनीहरूलाई भने:

> “पश्चात्ताप गर, र तिमीहरूमध्ये हरेकले आफ्ना पापको क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेओ।” (प्रेरित २:३८)

पावललाई पनि यही कुरा भनियो:

> “उठ, बप्तिस्मा लेऊ, र प्रभुको नाउँ पुकारेर आफ्ना पापहरू धोइदेऊ।” (प्रेरित २२:१६)

पानीमा कुनै जादु छैन। जब कुनै मानिसले परमेश्वरको वचन मान्छ, तब येशूले पहिल्यै बगाउनुभएको रगतको कारण परमेश्वरले क्षमा गर्नुहुन्छ।

कर्मले “पूरा भयो” भन्न सक्दैन। येशूले भन्नुभयो (यूहन्ना १९:३०)।

**अन्तमा:**

तपाईंले कसरी क्षमा पाउन सक्नुहुन्छ भनेर अनुमान गरिरहनु पर्दैन। बिर्सिएको एउटा कर्तव्यले वर्षौंको मेहनत बिगार्छ भनेर डराउनु पर्दैन।

के तपाई आफ्ना पापहरू मेटिएको चाहनुहुन्छ? के तपाई येशूमाथि विश्वास गर्नुहुन्छ? के तपाई पश्चात्ताप गरी आफ्ना पापको क्षमाको निम्ति बप्तिस्मा (पानीमा डुबाएर) लिनुहुन्छ?

त्यसो भए, अझै ऋण तिर्न खोजिरहेको मानिसजस्तो होइन, तर धोइसकिएको मानिसजस्तो जीवन बिताउनुहोस्।

God does not call the sin good. He does not justify the sin. He forgives the sinner who comes to Him in the way He has named.

What is that way He has named? Jesus! On the first day the gospel was preached, the people asked what they must do. Peter told them:

> "Repent, and be baptized every one of you in the name of Jesus Christ for the forgiveness of sins." (Acts 2:38)

Paul was told the same thing:

> "Arise, and be baptized, and wash away your sins, calling on the name of the Lord." (Acts 22:16)

The water has no magic in it. God forgives because of the blood Jesus already shed, when a person obeys His word.

Karma cannot say, "It is finished." Jesus did (John 19:30).

**Conclusion:**

You do not have to guess how you can be forgiven. You do not have to fear that one forgotten duty will undo years of being good.

Do you want your sins removed? Will you believe in Jesus? Will you repent and be baptized for the remission of your sins?

Then live as a person who has been washed, not as a person who is still trying to pay.

---

**यो पर्चा तपाईलाई दिने मानिसले पनि यो सित्तैमा पाएका थिए। तपाईलाई पनि यो सित्तैमा हो। यसको लागि कहिल्यै पैसा नतिर्नुहोस्।**

यो पढ्नुहोस्। आफ्नो बाइबलसँगै राखेर पढ्नुहोस्। अनि अरू कसैलाई दिनुहोस्।

**अझ पढ्न, आफ्नै भाषामा सुन्न, वा प्रश्न सोध्न यो कोड स्क्यान गर्नुहोस्:**

तपाईको विचार सुन्न हामीलाई धेरै मन छ। कोड स्क्यान गरेर हामीलाई सन्देश पठाउनुहोस्।

ख्रीष्टका मण्डलीहरूबाट एउटा उपहार।

बेच्नको लागि होइन।

**This tract was given free to the person who handed it to you. It is free to you too. Never pay for it.**

Read it. Study it with your Bible. Then pass it on to someone else.

**Scan to read more, hear it in your language, or ask a question:**

purposeandvision.org

We'd love to hear what you think. Scan the code to send us a note.

A gift from the churches of Christ.

*Not for sale.*